श्यामकृष्ण खत्रीको जन्म साविक वडा नं. १७ हाल वडा नं. १ मा २०२५ साल असोज १५ गते भएको हो । माता मोहन केशरी र पिता कृष्ण खत्रीको जेठो सन्तानको रूपमा जन्मेका खत्रीका दुई भाइ र एक बहिनी हुनुहुन्छ ।

वहाँका श्रीमती मोहनकेशरी सुवाल, छोरा सुजन र छोरी निभा हुनुहुन्छ ।

पेशाले शिक्षक खत्रीले उच्च मावि तह उत्तीर्ण गर्नु भएको छ । नेपाल मजदुर किसान पार्टीको तर्फबाट वडा नं. १ को वडाध्यक्ष पदमा उम्मेदवार हुन शिक्षक पदबाट राजीनामा दिनुभएको थियो ।

वहाँ २०४१/४२ तिर राजनीतिमा प्रवेश गर्नुभएको हो । नेपाल मजदुर किसान पार्टीको स्थानीय समितिमा रहेर पार्टीका गतिविधिमा सक्रिय रहनुभयो । त्यस क्रममा पार्टी प्रकाशन वितरणमा पनि योगदान पुऱ्याउनु भयो ।

निरंकुश पञ्चायत व्यवस्थाको विरुद्ध २०४६ सालमा भएको जनआन्दोलनमा वहाँ सक्रिय पुर्वक लाग्नुभयो । त्यसक्रममा वहाँ पक्राउ परी प्रहरी खोरमा पर्नुभयो । त्यस्तै प्रतिगमन विरुद्धको जनआन्दोलन २०६२।०६३ मा पनि वहाँ सक्रिय रहनुभयो । त्यस क्रममा वहाँ पटक पटक पक्राउ पर्नु भयो र खोरमा थुनिनु भयो ।

नेमकिपाको साविक १७ वडा समितिको इन्चार्जको रूपमा वहाँले २०४८ सालदेखि २०५५ सालसम्म जिम्मेवारी निर्वाह गर्नुभयो । ४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्र पुनःस्थापनापछि स्थानीय निकायको चुनाव भयो । वहाँ भक्तपुर नगरपालिकामा नगर सभा सदस्यमा मनोनित हुनुभयो । २०५५ सालमा वहाँ नेपाल क्रान्तिकारी युवा संघ, भक्तपुर जिल्ला समितिको सदस्य हुनुभयो । युवाहरूलाई खेलकुद क्षेत्रमा क्रियाशील बनाउन गठित युवा खेलकुद समूह नेपालको वहाँ २०५५ सालमा सदस्य हुनुभयो भने हाल वहाँ कोषाध्यक्ष हुनुहुन्छ । वहाँ २०६८ सालदेखि भक्तपुर जिल्ला भलिबल संघको कोषाध्यक्ष हुनुहुन्छ भने युवा संघको केन्द्रीय खेलकुद विभागका सदस्य पनि हुनुहुन्छ ।

२०५६ सालमा भलिबल खेलका सहायक प्रशिक्षक खत्री २०५९ सालमा राष्ट्रिय रेफ्री बन्नुभयो । वहाँ ओलम्पिक सोलाडायरी कोचेच कोचको पहिलो लेबलका साथै स्थानीय भार्वाचो ब्याडमिन्टन क्लबका सल्लाहकार र १ नं. वडा खेलकुद समितिका अध्यक्ष पनि हुनुहुन्छ । वहाँ २०५५ सालदेखि नगर खेलकुद समितिका सदस्य हुनुहुन्छ ।

खेलकुद क्षेत्रमा लामो समयदेखि लाग्नु भएका खत्रीले देशका ३०-३५ जिल्लाको भ्रमण गरिसक्नुभएको छ भने थाइल्यान्ड, बंगलादेश र भारतको पनि भ्रमण गर्नुभएको छ ।

गएको वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको तर्फबाट वहाँ भक्तपुर नगरपालिकाको वडा नं. १ को वडाध्यक्ष पदमा अत्यधिक मतले विजयी हुनुभएको छ । वहाँले १३७६ मत पाउनु भएको थियो भने वहाँका निकतम प्रतिद्वन्द्वीको मत ५०४ थियो । वहाँ भक्तपुर नगरपालिकाको युवा तथा खेलकुद समितिका संयोजकको जिम्मेवारी पनि सम्हालिरहनु भएको छ ।